# बेनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बेनी, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

प.सं. ०८०।८१
च.नं. ६३८

मितिः २०८०/०७/२६

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

**श्री शाखाहरू (सबै), बेनी नगर कार्यपालिकाको कार्यालय, म्याग्दी ।**
**श्री वडा कार्यालय (सबै), बेनी नगरपालिका, म्याग्दी ।**

उपरोक्तसम्बन्धमा नगर कार्यपालिकाको मिति २०८०/०७/२३ गतेका निर्णयहरू यसैसाथ संलग्न छन् । निर्णयहरू जानकारी लिनुभई आआफ्नो कार्यक्षेत्रभित्र पर्ने निर्णयहरू कार्यान्वयनको लागि प्रवन्ध मिलाउनुहुन अनुरोध छ ।

सादर अवगतार्थ
श्री प्रमुखज्यू, बेनी नगरपालिका ।
श्री उपप्रमुखज्यू, बेनी नगरपालिका ।

(नेत्रप्रसाद पौडेल)
**प्रमुख प्रशासकीय अधिकृत**

वोद्यार्थ
**श्री सूचना प्रविधि अधिकृतज्यूः** सम्बन्धित निकाय तथा पदाधिकारीज्यूहरूलाई निर्णयप्रति उपलब्ध गराउने ।

बेनी नगरपालिका, म्याग्दी
नगर कार्यपालिकाको बैठक
२०८०।०७।२३

**निर्णयहरू**

१. बेनी नगरपालिका, नगर कार्यपालिकाको गत बैठकले गरेका निर्णयहरूको समीक्षा गरियो । नगर कार्यपालिकाको कार्यालयले गत असोज महीनामा गरेका सबै भुक्तानीहरूलाई अनुमोदन गर्ने ।

२. चालू आर्थिक वर्षको लागि बेनी नगरपालिकाले सञ्चालन गर्ने राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितालाई व्यवस्थित रूपमा सुसञ्चालन, मितव्ययी र प्रभावकारी बनाउनको लागि सामाजिक विकास समितिका संयोजक श्री चक्रबहादुर के.सी. लाई उक्त खेल सञ्चालन तथा समन्वय समितिको संयोजक तोक्ने । खेल सञ्चालन तथा समन्वय समितिले स्थानीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशक समितिसँग समन्वय/ परामर्श गरी खेलहरू सञ्चालन गर्ने ।

३. नगरपालिकाका सबै घरधुरीसहितको विवरण व्यवस्थापन गर्ने SEVMS सफ्टवेयरलाई आवश्यक पर्ने अधिकतम रू. ५०/- लागत लाग्नेगरी QR Code सहितको घरधुरी नेम प्लेट तयार गर्ने । सबै वडा कार्यालयहरूले गर्ने सिफारिसमा अब आइन्दा सेवाग्राहीको घर नंबर उल्लेख गरेर मात्र सिफारिस गर्ने ।

४. नेपाल सरकार, ऊर्जा जलश्रोत तथा सिँचाइ मन्त्रालय, जल तथा मौसम विज्ञान विभागको लागि मौसम तथा तापक्रम मापन तथा पूर्वानुमान केन्द्र स्थापना गर्नको लागि आवश्यक जग्गा नगर कार्यपालिकाको कार्यालय परिसरमा नै उपलब्ध गराउने ।

५. बेनी नगरपालिकामा विपद्जन्य वर्षाको कारणबाट अवरूद्ध सडकहरू सञ्चालन गर्न तथा वडादशै लक्षित सबै वडाका सडकहरूको मर्मतसंभार तथा सरसफाई गर्नको लागि जिम्मा पाएको श्रमजिवी निर्माण सेवालाई हालसम्म भएको कामको संलग्न बीलबमोजिम कूल रकम रु ४८८२७३८.४८ भुक्तानी हुनेगरी निर्णय गर्ने र सो निर्माण सेवासँगको सम्झौता अन्त्य गर्ने ।

६. बेनी नगरपालिका वडा नं. ८ गुसबहादुर कार्कीको घरमा भएको विपद्जन्य आगलागीबाट निज घरवारविहिन भएकाले अस्थायी बसोबास व्यवस्थापन गर्नको लागि रू. ३५०००।— राहत सहयोग गर्ने ।

७. बेनी नगरक्षेत्रमा वर्षा यामको समयमा गैर कानूनी रूपमा उत्खनन भएको नदीजन्य पदार्थ उत्खनन गर्ने व्यक्तिलाई प्रहरीले नियन्त्रणमा लिई जरिवाना स्वरूप असूली भएको दण्ड जरिवानामध्येबाट गत आर्थिक वर्षमा भुक्तानी गरेबमोजिम नै जिल्ला प्रहरी कार्यालय, म्याग्दीलाई प्रोत्साहन भत्ता उपलब्ध गराउने ।

सुरत के.सी.
नगर प्रमुख

सुरत के.सी.
नगर प्रमुख

८. नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरूबाट हुने सार्वजनिक खरिदलाई कानूनसम्मतः तथा प्रभावकारी बनाउने । वडामा हुने सबै खरिदका कार्य कानूनबमोजिम नगर कार्यपालिकाको कार्यालयसँग समन्वय गरी गर्ने । सबै भुक्तानीहरूलाई सम्बन्धित पक्षको बैंक खातामा मात्र गर्नेगरी वडा कार्यालयले सिफारिस गर्ने । वडा अन्तर्गत रहेको अवण्डा बजेटलाई कानूनबमोजिम विनियोजन गराई खर्च सिफारिस गर्ने । सबै कार्यक्रम तथा निर्माणका कार्यहरूमा नियमानुसारका सबै प्रकृया पुर्याई अनुगमन समितिबाट अनुगमन गराई भुक्तानी सिफारिस गर्ने । वडा स्तरबाट सञ्चालन हुने कार्यक्रमहरूमा अनिवार्य रूपमा सम्बन्धित शाखासँग समन्वय कायम गर्ने तथा गराउने । वडा कार्यालयबाट सिफारिस भई आएका सबै भुक्तानीका सिफारिसहरूको सम्बन्धित सिफारिसकर्ताले गुण/दोषको जिम्मेवारी लिने र वडामा तथा नगर कार्यपालिकाको कार्यालयमा रहेका सम्बन्धित वडा सचिव तथा अन्य कर्मचारीहरूले सार्वजनिक खरिद कार्यलाई प्रभावकारी बनाउन अझै थप योगदान गर्ने ।

९. Building Energy Efficiency in Nepal (BEEN) बमोजिम हुनेगरी घरनक्सा तयार गरी नक्सापास गर्ने प्रयोजनको लागि यस नगरपालिकाले कार्यविधि तयार गर्ने र सो कार्यका लागि निकट समयमानै बैठक आयोजना गर्ने ।

१०. जिल्ला समन्वय समितिको कार्यालयबाट यस कार्यालयमा कामकाज गर्न खटिएका करार सेवाका लेखापाल युवराज आचार्य र कार्यालय सहयोगी चक्रबहादुर बानियाले साविकको कार्यालयबाट कर्मचारी कल्याण कोषवापत लिएर आएको रकम निजहरूलाई भुक्तानी दिने ।

११. गरिबी निबारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत उद्यम विकास सहजकर्ता पदमा कार्यरत दुई जना कर्मचारीहरूमध्ये बजेट अभाव तथा कार्यवोझलाई ध्यानमा राख्दा एकजना सहजकर्ताले जिम्मेवारी बहन गर्न सक्ने भएको हुनाले यही मंसीर महीनाको १ गतेदेखि लागु हुने गरी सहजकर्ता सरिता रेग्मी शर्माको सेवाकरार सम्झौता अन्त्य गर्ने

-0-

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका

# नगर कार्यपालिकाको कार्यलय

बेनी, म्याग्दी

कार्यालय कोड नं.: ८०१०४४४०१

## ठेक्का सम्बन्धी बिल

म.ले.प.फारम : ५०४
साबिकको : १६८

कार्यालय वा परियोजनाको नामः बिपत व्यवस्थापन कार्यका लागि उपकरण भाडामा लिने कार्य
कार्यक्रम / योजनाको नाम र कार्यान्वयन हुने स्थलः बेनी नगरपालिका
निर्माण व्यवसायीको नामः श्रमजिवी निर्माण सेवा
ठेक्का पट्टाको सङ्केतः
नापी किताब नं

बिलको क्रम सङ्ख्याः २
कार्य आदेश मितिः
नापी लिइएको मिति
म्याद थप/भेरिएसन मितिः

| नापी किताब को | कामको विवरण मुख्य र सहायक क्रियाकलाप | एकाइ | परिमाण सूची (BOQ) बमोजिमको परिमाण | ठेक्कामा स्वीकृत दर | जम्मा रकम | भेरिएसन भएकोमा सो बमोजिमको परिमाण | स्वीकृत दर | जम्मा रकम | हालसम्म अर्ध्यावधिक काम भएको परिमाण | जम्मा रकम | अघिल्लो बिलमा चढेको परिमाण | जम्मा रकम | हाल भएको काम परिमाण | जम्मा रकम | बाँकी परिमाण | बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ६ | ८ | ९ | १० | ११=५x१० | १२ | १३=५x१२ | १४=१०-१२ | १५=८-१० | १६ | | १७ |
| 1 | Tracked Excavator | hr | | 4900 | 0 | | | | 41.6 | 203840 | 0 | 0 | 41.6 | 203840 | | | |
| 1 | Bakhoe Excavator (Wheeled) | hr | | 2475 | 0 | | | | 1611.3 | 3987967.5 | 862.6 | 2134935 | 748.7 | 1853032.5 | | | |
| 2 | Tractor | hr | | 1200 | 0 | | | | 36 | 43200 | 36 | 43200 | 0 | 0 | | | |
| 3 | Tipper | hr | | 2000 | 0 | | | | 43 | 86000 | 43 | 86000 | 0 | 0 | | | |
| | | | | | | | | - | | | | | | | | | |
| | | | | | | | | - | | | | | | | | | |
| E | Sub Total (B+C+D) | | | | - | | | - | | 4,321,007.50 | | 2,264,135.00 | | 2,056,872.50 | | | |
| F | VAT @ 13% of E | | | | - | | | - | | 561,730.98 | | 294,337.55 | | 267,393.43 | | | |
| G | Total With VAT(E+F) | | | | - | | | - | | 4,882,738.48 | | 2,558,472.55 | | 2,324,265.93 | | | |
| H | Total With PS(A)+G | | | | - | | | - | | 4,882,738.48 | | 2,558,472.55 | | 2,324,265.93 | | | |

यो बिलबमोजिम काम भएको जम्मा रु:
अघिल्लो बिलसम्म भुक्तानी भएको रु:
अघिल्लो भुक्तानी बिलको क्रम सङ्ख्याः
अघिल्लो भुक्तानी बिलको भौ.नं.

हाल काम भएको बाँकी दिनुपर्ने रु:
कट्टा गर्नु पर्ने रु 133,696.71
क. मोबिलाइजेसन पेस्की रु:
ख. मालसामानको पेस्की रु:
ग. मेसिनरी औजारको बहाल रु:
घ. अग्रीम आय कर रकम रु: 30,853.09
ङ. धरौटी रकम रु: 102,843.63
च. अन्य कट्टी गर्ने पर्ने रकम रु:
**खुद दिनु पर्ने रकम रु: 2,190,569.21**

यस बिल बमोजिम गरिएको भुक्तानी
भौचर नं:
भुक्तानी मितिः
भुक्तानी रकम रु

तयार गर्नेको सहीः
नाम :बिमल रन्जन कार्की
दर्जाःइन्जिनीयर
मितिः

सिफारिस गर्नेको सहीः
नाम : नेत्रप्रसाद पौडेल
दर्जाःप्रमुख प्रशासकीय अधिकृत
मितिः

स्वीकृत गर्नेको सहीः
नाम सुरत के.सी .
दर्जाः नगर प्रमुख
मितिः

यो बिलबमोजिम जम्मा रु ....................अक्षरमा ....................को चेक नं: ....................बुझिलिए ।